नेपाल सरकार
Government of Nepal

मा. अजय कुमार चौरसिया
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

Hon. Ajay Kumar Chaurasia
Minister
Law, Justice and Parliamentary Affairs

## शुभकामना

नेपाली हिन्दूहरुको महान पर्व वडादशैंको उपलक्ष्यमा सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपाल वहुजातीय, बहुभाषिक, वहुसांस्कृतिक एवं वहुधार्मिक विविधताले भरिपूर्ण एक सुन्दर ,शान्त र वहु-विविधतापूर्ण राष्ट्र हो। वडादशैं, तिहार, छठ, नेपाल सम्वत्, ल्होसार जस्ता पर्वहरुका आफ्नै मूल्य र मान्यताहरु छन्। विविधता वीचको एकता नै हाम्रो मौलिकता भएको हुँदा सवै जाति, भाषा, संस्कृति र सभ्यताहरुको संरक्षण र विकास गर्नु हाम्रो प्रमुख दायित्व पनि हो। वडादशैं लगायतका हाम्रा सांस्कृतिक पर्वहरुले नेपाली समाज र मानव जीवनमा भातृत्व, भावनात्मक एकता र राष्ट्रिय गौरवका निम्ति विशिष्ट योगदान पुऱ्याउँदै आएका छन्। साँस्कृतिक विविधता वीचको सद्भावका माध्यमवाट राष्ट्रिय एकता मजवुत वनाउँदै समृद्धि र सामाजिक परिवर्तनलाई संस्थागत गर्नु आजको हाम्रो कर्तव्य हो।

नेपालीहरुको लामो संर्घष र वलिदानीको परिणाम स्वरुप राजनीतिक परिवर्तनवाट प्राप्त गणतन्त्र, संघीयता, समावेशिता,समानुपातिक प्रतिनिधित्व, सामाजिक न्यायसहितको लोकतान्त्रिक चरित्र वोकेको संविधानको स्वीकार्यता वढाएर संविधानको कार्यान्वयन गर्ने चरणमा छौं। राजनीतिक र सामाजिक परिवर्तनका लागि हामीले जुन वलिदानी र एकताको प्रदर्शन गऱ्यौं, आन्तरिक रुपमा राष्ट्रियता वलियो पार्दै संविधान कार्यान्वयन गर्न त्यस्तै एकता र सहकार्य हाम्रा लागि अनिवार्य भएको छ।

वडादशैं, २०८१ लाई आपसी सद्भाव, भाइचारा र मित्रवत् सम्वन्ध विकास गर्ने अवसरका रुपमा मनाउन म सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-वहिनीहरुमा विशेष अनुरोध गर्दछु। यस पर्वले सम्पूर्ण नेपालीको मुहारमा खुसी ल्याउन सकोस्, राष्ट्रिय एकता कायम होस, संविधानको सफल कार्यान्वयन होस , कानूनको शासन, मानव अधिकारको संरक्षण र जनताको जीवनमा परिवर्तनका लागि दृढ संकल्प र इच्छाशक्तिको विकास गर्न सकोस् भन्ने कामना गर्दछु।

अन्त्यमा, नेपालीहरुका आउँदै गरेका पर्वहरु तिहार, छठ, नेपाल सम्वत्, ल्होसारको उपलक्ष्यमा समेत हार्दिक शुभकामना व्यक्त गर्दै वडादशैंको हार्दिक शुभकामना व्यक्त गर्दछु।

मिति: २०८१/०६/१८

अजय कुमार चौरसिया
मन्त्री

फोनः ०१-४२११९७४, मोः ९८५१०१५९२४, सिंहदरबार, काठमाडौं, नेपाल
E-mail: ajaychaurasianp@gmail.com
Website: www.moljpa.gov.np